# पाँचतारा युवा संरक्षक मञ्च, जाजरकोट
## बालसंरक्षण नीति

यस दस्ताबेजमा पाँचतारा युवा संरक्षक मञ्च, जाजरकोटलाई बाल सुरक्षित संस्थाका रूपमा परिचित गराउन आवश्यक नीति तथा प्रक्रियाहरू उल्लेख गरिएका छन् । यस नीतिको प्रयोग द्वारा पाँचतारा यूवा संरक्षक मञ्चले यसको बाल संरक्षण प्रोटोकल तथा संयुक्त राष्ट्र संघीय महासचिवको २००३ को 'यौन शोषण र यौन दुर्व्यवहार बाट संरक्षणका लागि विशेष उपाय' बुलेटिनको समेत पालना हुने कुराको सुनिश्चितता गर्दछ ।

**बालबालिका प्रतिको व्यवहार**
**कर्मचारी, साझेदारहरू र अन्य कुनै प्रतिनिधिहरूले कहिल्यै गर्न नहुने :**

१. बालबालिकालाई पिट्ने वा शारीरिक रूपमा आक्रमण वा शारीरिक दुर्व्यवहार
२. १८ वर्ष भन्दा मुनिको कसै सँग पनि स्थानीय रूपमा परिपक्वता/सहमतिको उमेर वा चलन जे भए पनि, कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न हुने वा यौन सम्पर्क राख्ने
३. बालबालिका सँग कुनै पनि प्रकारले शोषणजन्य वा दुर्व्यवहार ठहर हुन सक्ने कुनै पनि सम्बन्धको विकास
४. कुनै पनि प्रकारले दुर्व्यवहार ठहर हुन सक्ने खालको कुनै क्रियाकलाप वा वच्चालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने क्रियाकलाप
५. अनुपयुक्त, नसुहाउने वा दुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाव वा सल्लाह दिने
६. अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार
७. विशेष परिस्थिति र लाइन मेनेजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रम सँग सम्बन्धित बच्चा/बालबालिका सँग उनीहरूको घरमा रात बिताउने
८. कार्यक्रम सँग सम्बन्धित बालबालिका सँग एउटै ओछ्यानमा सुत्ने
९. विशेष परिस्थिति र लाइन मेनेजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रम सँग सम्वन्धित बालबालिका सँग एउटै कोठामा सुत्ने
१०. बालबालिकाले आफै गर्न सक्ने व्यक्तिगत प्रकृतिका कामहरू गरिदिने
११. बालबालिकाको कुनै पनि गैर कानुनी, असुरक्षित वा दुर्व्यवहार जन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिने
१२. कुनै पनि क्रियाकलाप जसले बालबालिकालाई लज्जित पार्छ, निरुत्साहित गर्छ, होच्याउँछ वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार गर्छ
१३. कुनै पनि बालबालिका प्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुटट्याउने गरीको कुनै खास बालबालिकालाई बढी सहयोग
१४. अरू भन्दा टाढा बालबालिका सँग अनावश्यक रूपमा धेरै समय बिताउने
१५. अनुचित व्यवहारको आरोप आउने जोखिमपूर्ण परिस्थितिमा आफूलाई पार्नु

१. वाल विवाह गर्ने गराउने
यो सूची आफैंमा पूर्ण होइन । कर्मचारी, साझेदारहरू र अन्य प्रतिनिधिहरूले जहिले पनि त्यस्ता क्रियाकलाप वा व्यवहारबाट टाढा रहनु पर्छ जुन व्यवहार गलत रूपमा प्रतिविम्वित हुने, निम्न स्तरको ठानिने वा संभावित रूपमा दुर्व्यवहार जन्य प्रकारको हुन सक्छ ।

माथि उल्लेखित बुँदाहरु मैले पढें, बुँझे र सो नितीहरु पूर्ण रुपले पालना गर्न तयार छु । यदि उपरोक्त नितीहरुको उल्लंघन गरेमा संस्थाको नियमअनुसार गरिने कारबाहीको भागीदार हुन तयार छु ।

......................
नामः
ठेगाना :
मोवाइल नम्बरः
मितिः